# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

(साविकको नामः जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)

हात्तीसार, काठमाण्डौ, नेपाल, फोन नं.: 01-4545013/14/15/16

इमेल: info@hidcl.org.np, agm@hidcl.org.np (for AGM only) वेबसाइट: www.hidcl.org.np


# दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०८/२५ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७८/०८/२० गते बसेको सञ्चालक समितिको २५०औं बैठकको निर्णयानुसार यस कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मितिः २०७८ साल पौष २२ गते, बिहीवार (०६ जनवरी २०२२)**

**समयः विहान ९:०० बजेदेखि ।**

**स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाण्डौबाट भिडियो कन्फरेन्स मार्फत भर्चुअल रुपमा।**

**सञ्चालकको निर्वाचनः कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाण्डौमा दिनको १:०० बजेदेखि ४:०० बजेसम्म ।**

**छलफलका विषयहरुः**

**(क)साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख)विशेष प्रस्तावः**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ८.००% (आठ प्रतिशत) का दरले हुने रू. १,४९,६०,००,०००/- (अक्षरेपी एक अर्ब उनान्पचास करोड साठी लाख मात्र) बराबरको बोनस शेयर र चुक्ता पूजीको ०.४२१% (शून्य दशमलव चार दुइ एक प्रतिशत) का दरले हुने रू. ७,८७,३६,८४२.११ (अक्षरेपी सात करोड सतासी लाख छत्तीस हजार आठ सय बयालीस रुपैयाँ एघार पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित वोनस शेयर र नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ ।)

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष” मा रु. ८ लाख र राष्ट्रिय आविष्कार केन्द्रलाई रु. २ लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने ।

(ग) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीः

१. यस कम्पनीको दशौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८/०९/०५ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ । शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०७८/०९/०४ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ५ (पाँच) कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र दशौं वार्षिक साधारण सभामा भर्चुअल रुपमा भाग लिन, लाभांश प्राप्त गर्न र मतदान गर्न योग्य मानिने छन् ।

२. कोभिड-१९ रोगको संक्रमणको जोखिम कायमै रहेको हुँदा वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुलाई भिडियो कन्फरेन्स मार्फत भर्चुअल माध्यमबाट मात्र सभामा भाग लिन सकिने व्यवस्था गरिएको छ । भर्चुअल रुपमा सभामा सहभागी हुन तथा आफ्नो राय, सुझाव तथा जिज्ञासा राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो नाम र हितग्राही (DEMAT) नम्बर वा शेयरधनी नम्बर खुलाई यस कम्पनीको इमेल ठेगाना agm@hidcl.org.np मा इमेल गर्नुहुन अनुरोध छ । यसरी इमेल गर्नुहुने शेयरधनी महानुभावहरुलाई सभाको Meeting ID र Passcode इमेलबाट नै पठाइनेछ । शेयरधनी महानुभावहरुले टिपाउनु भएका राय, सुझाव र जिज्ञासाहरुको जवाफ सभाकै क्रममा सञ्चालक समिति र कम्पनी व्यवस्थापनबाट दिने व्यवस्था गरिनेछ ।

३. सभा शुरु हुनुभन्दा ३० मिनट अगाडि भिडियो कन्फरेन्स खुला गरिनेछ। शेयरधनी महानुभावहरुलाई कम्पनीले उपलब्ध गराएको Meeting ID र Passcode प्रयोग गरी सभामा सहभागी हुन सकिनेछ ।

४. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा पछि प्रकाशित गरिनेछ। यस सम्बन्धी जानकारीहरु कम्पनीको वेबसाइट www.hidcl.org.np मा पनि हेर्न सकिनेछ ।

५. शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको बिस्तृत आर्थिक बिवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न वा कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौबाट लिन सकिनेछ ।

६. सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ७० घण्टा अगावै अर्थात मिति २०७८/०९/१९ गते बिहान ११:०० बजे भित्र यस कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै प्रतिनिधि मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. सञ्चालक निर्वाचनको मतदानमा भाग लिने प्रत्येक शेयरधनी महानुभावले निर्वाचन हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा दिनको १:०० बजेदेखि खुल्ला रहनेछ । निर्वाचनमा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

१०. कोभिड-१९ रोगको संक्रमणको जोखिम कायमै रहेको हुादा निर्वाचनमा भाग लिने शेयरधनी महानुभावहरुले स्वास्थ्य मापदण्डको पालना गर्दै भीडभाड कम गरी मतदान गर्ने, भौतिक दुरी कायम गर्ने, मास्क, स्यानिटाइजरको प्रयोग लगायतका न्यूनतम सुरक्षाका उपायहरु अनिवार्य रुपमा प्रयोग गर्न हुन अनुरोध छ ।

११. अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ ।

**कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित बिवरण**

## आ.व. २०७७/७८ को संक्षिप्त आर्थिक बिवरण

**(प्रस्तुत संक्षिप्त आर्थिक बिवरण कम्पनीको वार्षिक आर्थिक बिवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त बिवरण मात्र हो)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको मिति २०७८/०९/२२ गते हुन गइरहेको दशौं वार्षिक साधारण सभामा भिडियो कन्फरेन्सिङ्ग मार्फत सहभागिता जनाई कम्पनीलाई आफ्नो अमूल्य सल्लाह, सुझाव, सहयोग र सद्भाव प्रदान गर्नुहुनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत आमन्त्रण गर्दछु । कम्पनी ऐन, २०६३ को दफा ८४ मा भएको ब्यवस्था अनुसार कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको आधारमा तयार पारिएको संक्षिप्त आर्थिक विवरण यहाँहरुको जानकारीको लागि पेश गरेको छु ।

**क) विगत वर्षहरुको कारोवारको सिंहावलोकन :**

राष्ट्रिय लक्ष्य प्राप्तिका लागि जलविद्युत क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट लगानी जुटाउनका लागि निरन्तर रूपमा प्रयासरत रहेको यस कम्पनीले आफ्नो उद्देश्य अनुसार विभिन्न जलविद्युत आयोजनाहरुमा ऋण तथा शेयर लगानी गर्दै आएको छ । यसै गरी विद्युत प्रशारण र जलविद्युत अध्ययन सम्बन्धी कम्पनीहरुमा समेत शेयर लगानी गरेको छ। कम्पनीबाट २०७८ आश्विन मसान्त सम्ममा गरिएको लगानी प्रतिबद्धताको बिवरण निम्नानुसार रहेको छ :

| बिवरण | आयोजना संख्या | कुल जडित क्षमता (मे.वा.) | प्रतिबद्धता रकम (रु. करोड) | २०७८/०६/३१ सम्म भुक्तानी भएको रकम (रु. करोड) |
|---|---|---|---|---|
| जलविद्युत आयोजनाहरुमा ऋण लगानी | १२ | ४४२ | ६९७ | ४९१ |
| जलविद्युत आयोजनाहरुमा शेयर लगानी | ६ | ७६२ | ६७३ | १५१ |
| कम्पनीहरुमा शेयर लगानी | ४ | - | ९२ | ३६ |
| जम्मा | २२ | १,२०४ | १,४६२ | ६७८ |
| नेपाल सरकारको ऋण अन्तर्गत अनलेण्डिङ् मार्फत ऋण लगानी | १ | ३७.६ | USD ४० मिलियन | USD ९.८ मिलियन |

यसका अतिरिक्त कम्पनीले विद्युत विकास विभागबाट १५६ मेगावाट क्षमताको माडी जलाशययुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी सो आयोजना विकास गर्न चीनको सरकारी कम्पनी पावर कन्स्ट्रक्सन कर्पोरेशन अफ चाइना लि. (पावरचाइना) सँग समझदारी पत्रमा हस्ताक्षर गरी ज्वाइन्ट भेञ्चर कम्पनी स्थापना गर्ने र आयोजनाको सम्भाव्यता अध्ययनको प्रकृया अघि बढाईएको छ । यसै गरी लगानी बोर्ड नेपालबाट अध्ययनको लागि अनुमति प्राप्त भएको ७५६ मेगावाटको तमोर जलाशययुक्त जलविद्युत आयोजनाको विकासको लागि पावरचाइनासँग समझदारी पत्रमा हस्ताक्षर भई संयुक्त उपक्रम मार्फत सो आयोजना विकास गर्ने गरी कार्य अघि बढाइएको छ ।

कम्पनीबाट लगानीको सम्झौता गरिएका आयोजनाहरुको भौतिक प्रगति तथा भुक्तानी तालिका अनुसार कम्पनीले रकम भुक्तानी गर्दै जाने हुनाले कम्पनीबाट प्रतिबद्धता गरिएको रकमको तुलनामा हालसम्म भुक्तानी भएको लगानी रकम कम देखिएको भए पनि आगामी दिनमा सम्झौता गरिएका आयोजनाहरुको भौतिक प्रगति बृद्धि हुँदै जाने र नयाँ आयोजनाहरुको निर्माण कार्य शुरु हुँदै जाने हुँदा कम्पनीबाट प्रतिबद्धता अनुसारको लगानी बढ्दै जानेछ भन्ने विश्वास लिएको छु ।

आ.व. २०७७/७८ र २०७६/७७ को तुलनात्मक वित्तीय स्थिति विवरण तल उल्लेख गरे बमोजिम रहेको छ ।

एनएफआरएस अनुसार वर्गीकरण गरी लेखापरीक्षण गरिएको वित्तीय विवरणलाई यस संक्षिप्त विवरणमा सर्वसाधारणले बुझ्न सजिलो हुने गरी शीर्षकहरु राखी पुनर्वर्गीकरण गरिएको छ ।

१. एकिकृत वित्तीय अवस्थाको विवरण (Statement of Financial Position): रकम रु. हजारमा

| विवरण | HIDCL (समूह) | | HIDCL | |
|---|---|---|---|---|
| | २०७८/०३/३१ | २०७७/०३/३१ | २०७८/०३/३१ | २०७७/०३/३१ |
| **सम्पति** | | | | |
| **गैह्र चालु सम्पत्ति** | | | | |
| सम्पति र उपकरण | ७२८,३६९ | २२०,९४९ | १४,७९९ | १७,८४७ |
| शेयर लगानी | ७०६,५५० | ३४९,०५० | ७०६,५५० | ३४९,०५० |
| सहायक कम्पनीमा लगानी | - | - | ७५६,२७० | ४५६,२७० |
| कर्पोरेट बण्ड लगानी | ८३,६१० | ८३,६१० | ८३,६१० | ८३,६१० |
| ऋण लगानी | ४,०९४,७१४ | ३,६६३,८३७ | ४,०९४,७१४ | ३,६६३,८३७ |
| अनलेण्डिङ्ग ऋण | १,२४७,४९१ | १,२२७,१२४ | १,२४७,४९१ | १,२२७,१२४ |
| मुद्दति निक्षेप | ११,९५९,७०० | १२,६२२,५९४ | ११,९५९,७०० | १२,६२२,५९४ |
| अन्य गैह्र चालु सम्पत्ति | ४७,४७२ | १५४,१९७ | ४५,६४६ | ३९,५०९ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **१८,८६७,९०६** | **१८,३२१,३६१** | **१८,९०८,७८०** | **१८,४५९,८४१** |
| | | | | |
| **चालु सम्पत्ति** | | | | |
| मौज्दात | ३८२ | ४३५ | १६४ | २०१ |
| चालु कर सम्पत्ति | ८९९,७९३ | २२१,३१७ | ८९६,३१२ | २१७,४१० |
| अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब | ९१,९५१ | ९१,४९४ | ७७,८०९ | ४७,०२५ |
| नगद तथा बैंक मौज्दात | २४०,५९५ | ७१४,८०८ | १५४,६१२ | ५६५,४१८ |
| **जम्मा चालु सम्पत्ति** | **१,२३२,७२२** | **१,०२८,०५४** | **१,१२८,८९७** | **८३०,०५५** |
| **जम्मा सम्पत्ति** | **२०,१००,६२७** | **१९,३४९,४१६** | **२०,०३७,६७८** | **१९,२८९,८९५** |
| **पूँजी तथा दायित्व** | | | | |
| **पूँजी** | | | | |
| चुक्ता पूँजी | १६,५००,००० | १६,५००,००० | १६,५००,००० | १६,५००,००० |
| जगेडा तथा कोषहरु | १,७५६,५०९ | १,०६८,०५५ | १,७६३,३७९ | १,०८१,३०६ |
| **जम्मा पूँजी** | **१८,२५६,५०९** | **१७,५६८,०५५** | **१८,२६३,३७९** | **१७,५८१,३०६** |
| **दायित्व** | | | | |
| अनलेण्डिङ्ग ऋण | १,२४७,४९१ | १,२२७,१२४ | १,२४७,४९१ | १,२२७,१२४ |
| अन्य गैह्र चालु दायित्व | ७,३८२ | ६,०९० | ६,००१ | ५,३१७ |
| चालु दायित्व | ५८९,२४५ | ५४८,१४६ | ५२०,८०६ | ४७६,१४८ |
| **जम्मा पूँजी तथा दायित्व** | **२०,१००,६२७** | **१९,३४९,४१६** | **२०,०३७,६७८** | **१९,२८९,८९५** |

२. एकिकृत नाफा नोक्सान विवरण (Statement of Profit or Loss): रकम रु. हजारमा

| विवरण | HIDCL (समूह) | | HIDCL | |
|---|---|---|---|---|
| | आ.ब. २०७७/०७८ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ | आ.ब. २०७६/०७७ |
| आम्दानी | | | | |
| शेयर लगानीबाट आम्दानी | १०,७७३ | १०,७७३ | १०,७७३ | १०,७७३ |
| ऋण लगानीबाट आम्दानी | ३४१,७१९ | ३०५,७५८ | ३४१,७१९ | ३०५,७५८ |
| बैंक ब्याज आम्दानी | ९४१,४४३ | १,३४३,१६४ | ९३९,११५ | १,३४०,००७ |
| अन्य आम्दानी | ८,२२६ | १०,०१४ | ७,४९५ | ७,७६१ |
| कुल आम्दानी | १,३०२,१६१ | १,६६९,७०८ | १,२९९,१०२ | १,६६४,२९९ |
| न्यून: | | | | |
| कर्मचारी खर्च | ३३,९६५ | ३७,६२४ | २६,८५५ | २९,१५७ |
| सञ्चालन तथा प्रशासनिक खर्च | ३९,५४० | ५५,३५० | २८,३५१ | ४१,७१६ |
| वित्तीय खर्च | - | - | - | - |
| ह्रास कट्टी र परिशोधन | ९,६३७ | ७,१४५ | ३,३३७ | ३,९३३ |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | ४,८२० | १३,०७१ | ४,८२० | १३,०७१ |
| कर्मचारी वोनस व्यवस्था | ६१,७८७ | ७८,८२० | ६१,७८७ | ७८,८२० |
| कुल खर्च | १४९,७४९ | १९२,०१० | १२५,१५० | १६६,६९७ |
| आय कर अधिको मुनाफा | १,१५२,४१२ | १,४७७,६९८ | १,१७३,९५२ | १,४९७,६०१ |
| आय कर खर्च | ३७४,६२७ | ४६९,५७७ | ३७४,२९८ | ४६९,५४७ |
| सञ्चालनबाट खुद मुनाफा | ७७७,७८४ | १,००८,१२१ | ७९९,६५५ | १,०२८,०५४ |
| गैह्र सञ्चालन मुनाफा | २८,२५१ | - | - | - |
| यस अवधिको खुद मुनाफा | ८०६,०३५ | १,००८,१२१ | ७९९,६५५ | १,०२८,०५४ |

३. एकिकृत नगद प्रवाह विवरण (Statement of Cash Flows): रकम रु. हजारमा

| विवरण | HIDCL (समूह) | | HIDCL | |
|---|---|---|---|---|
| | आ.ब. २०७७/०७८ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ | आ.ब. २०७६/०७७ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | | |
| आय कर पछिको खुद मुनाफा | ८०६,०३५ | १,००८,१२१ | ७९९,६५५ | १,०२८,०५५ |
| **समायोजनः गैह्र नगद खर्च र गैह्र सञ्चालन खर्च** | | | | |
| ह्रास कट्टी र परिशोधन | ९,६३७ | ७,१४५ | ३,३३७ | ३,९३३ |
| सम्पत्ति निसर्गबाट नोक्सान/(नाफा) | - | - | - | - |
| लाभांश आम्दानी | (१०,७७३) | (१०,७७३) | (१०,७७३) | (१०,७७३) |
| लगानीबाट प्राप्त ब्याज | (७,२००) | (७,२००) | (७,२००) | (७,२००) |
| अघिल्ला वर्षहरुको समायोजन | ४२ | - | ४२ | - |
| **सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन** | | | | |
| सञ्चालन सम्पत्तिमा परिवर्तन | (५६६,३४२) | (१७८,३३३) | (७०९,९७४) | (१४०,१२८) |
| सञ्चालन दायित्वमा परिवर्तन | ६२,७५८ | ३४५,९६३ | ६५,७०९ | २९०,२१९ |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **२९४,१५७** | **१,१६४,९२३** | **१४०,७९६** | **१,१६४,१०६** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | | | | |
| सम्पति र उपकरणको खरिद | (५१६,५०८) | (२००,३८९) | (३) | (३६,०७७) |
| सम्पति बिक्रीबाट प्राप्ति | - | - | - | - |
| अमूर्त सम्पतिको खरिद | (२६३) | (४९८) | - | - |
| अघिल्ला वर्षहरुको समायोजन | ९ | - | ९ | - |
| अमूर्त सम्पतिको पूँजीगत निर्माणाधीन कार्य | (२९५) | - | (२९५) | (५०५) |
| सहायक कम्पनीमा खुद लगानी | - | - | (३००,०००) | (२०१,२७०) |
| लाभांश आम्दानी | १०,७७३ | १०,७७३ | १०,७७३ | १०,७७३ |
| लगानी सम्पतिमा खुद नगद प्रवाह | (१५१,६६२) | ५७३,३०१ | (१५१,६६२) | ५७३,३०१ |
| लगानीबाट प्राप्त ब्याज | ७,२०० | ७,२०० | ७,२०० | ७,२०० |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(६५०,७४६)** | **३९०,३८७** | **(४३३,९७८)** | **३५३,४२३** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | | |
| शेयर लगानी वापत प्राप्त रकम | - | - | - | - |
| लाभांश भुक्तानी | - | (१,३२०,०००) | - | (१,३२०,०००) |
| जगेडा तथा कोषमा समायोजन | (९५,०४२) | २,३६७ | (९५,०४२) | - |
| शेयर निष्काशन खर्च | (२२,५८२) | - | (२२,५८२) | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(११७,६२४)** | **(१,३१७,६३३)** | **(११७,६२४)** | **(१,३२०,०००)** |
| **नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)** | **(४७४,२१३)** | **२३७,६७७** | **(४१०,८०६)** | **१९७,५२९** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ७१४,८०८ | ४७७,१३१ | ५६५,४१८ | ३६७,८८९ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/(खर्च) | - | - | - | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **२४०,५९५** | **७१४,८०८** | **१५४,६१२** | **५६५,४१८** |

ख) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीले दिएको कार्यादेश, जलविद्युत विकास तथा लगानीको सन्दर्भमा नेपाल सरकारले अवलम्बन गरेको नीति, योजना तथा कार्यक्रम, लगानीको समग्र वातावरणको विश्लेषण एवं कम्पनीले विगतमा अवलम्बन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षा समेतका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्रसहितको कम्पनीको चार वर्षे रणनीतिक योजना तयार गरी आर्थिक वर्ष २०७८/७९ बाट सो अनुसार कार्य प्रारम्भ गरिएको छ । नीजि तथा सरकारी स्तरबाट विकास गरिने जलविद्युत आयोजनाहरुमा शेयर तथा ऋण लगानी गरी आयोजनाहरुको वित्तीय, संस्थागत एवं प्राविधिक सुदृढिकरण गर्ने तथा दीर्घकालीन लगानी गरी कम्पनीका शेयरधनीहरुको लाभ वृद्धि गर्ने उद्देश्य सहित कम्पनीले जलविद्युत आयोजनाहरुमा शेयर लगानीलाई प्राथमिकतामा राखी अघि बढ्ने योजना अनुसार सो रणनीतिक योजना तयार गरिएको छ ।

साथै, नवीकरणीय ऊर्जामा विकास भइरहेको नवीनतम प्रविधि एवम् वैकल्पिक श्रोतको उपयोगमा लगानी विस्तार गर्दै लैजाने उद्देश्य सहित कम्पनीले जलविद्युत क्षेत्रमा सीमित रहेको आफ्नो कार्यक्षेत्र विस्तार गरी समग्र नवीकरणीय ऊर्जा क्षेत्रलाई समट्ने गरी प्रवन्धपत्रमा उल्लेखित कम्पनीको उद्देश्य थप गरी संशोधन गर्नका लागि दशौं वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिएको छ । यसबाट कम्पनीको उद्देश्यमा एउटा नयाँ आयाम थपिने र जलविद्युत क्षेत्रमा केन्द्रित रहँदै नवीकरणीय ऊर्जाका अन्य क्षेत्रमा समेत कम्पनीको उल्लेख्य उपस्थिति रहने विश्वास लिएको छु ।

चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रैमासिक अवधि अर्थात २०७८ साल आश्विन मसान्त सम्म कम्पनीको वित्तीय अवस्था निम्न बमोजिम रहेको छः

| बिवरण | २०७८/०४/०१ देखि २०७८/०६/३१ सम्म रु. हजारमा |
|---|---|
| **नाफा नोक्सानको विवरण** | |
| आम्दानी | |
| शेयर लगानीबाट आम्दानी | - |
| ऋण लगानीबाट आम्दानी | ९३,४४२ |
| बैंक ब्याज आम्दानी | २४३,२९२ |
| अन्य आम्दानी | ६०१ |
| **कुल आम्दानी** | **३३७,३३५** |
| न्यूनः | |
| कर्मचारी खर्च | ८,११९ |
| सञ्चालन तथा प्रशासनिक खर्च | ४,२२८ |
| वित्तीय खर्च | - |
| ह्रास कट्टी र परिशोधन | १,१५८ |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | ४,४१५ |
| कर्मचारी वोनस व्यवस्था | १५,२१० |
| **कुल खर्च** | **३३,१३०** |
| **आय कर अधिको मुनाफा** | **३०४,२०४** |
| आय कर खर्च | ९१,२६१ |
| **यस अवधिको मुनाफा** | **२१२,९४३** |
| **वासलातको विवरण** | |
| सम्पत्ति र उपकरण | १३,८४९ |
| सहायक कम्पनीमा लगानी | ८४७,०४३ |
| शेयर लगानी | १,०५६,५५० |
| कर्पोरेट बण्ड लगानी | ८०,००० |
| ऋण लगानी | ४,५४५,९८३ |
| अनलेण्डिङ्ग ऋण | १,२६७,४५८ |
| मुद्दति निक्षेप | १३,३२०,००० |
| स्थगन कर सम्पत्ति | ३,६४३ |
| चालू सम्पति | |
| अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब | २४,४३६ |
| आर्जित मुनाफा | २००,३९२ |
| चालु कर सम्पत्ति | ८०४,१४४ |
| अन्य चालु सम्पत्ति | १६४ |
| नगद तथा बैंक मौज्दात | २१४,१५४ |
| **जम्मा सम्पत्ति** | **२२,३७७,८१७** |
| पूँजी तथा दायित्व | |
| पूँजी | |
| चुक्ता पूँजी | १८,३७७,०२८ |
| जगेडा तथा कोषहरु | १,९७५,४१६ |
| दायित्व | |
| बाह्य ऋण | - |
| अनलेण्डिङ्ग ऋण | १,२६७,४५८ |
| अन्य गैह्र चालु दायित्व | ६,००१ |
| चालु दायित्व | |
| भुक्तानी गर्नुपर्ने रकम तथा व्यवस्था | ७५१,९१५ |
| **जम्मा पूँजी तथा दायित्व** | **२२,३७७,८१७** |

देवेन्द्र कार्की
अध्यक्ष

**लेखापरीक्षकको प्रतिवेदनः**

श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभाबाट सिए. श्री सृष्टि कोइरालालाई यस कम्पनीको लागि आ.व. २०७७/७८ को लेखापरीक्षक नियुक्त गरिएकोमा लेखापरीक्षकले कम्पनीको लेखापरीक्षण कार्य सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पेश गर्नुभएको छ । कम्पनीको एकिकृत वित्तीय विवरण उपर लेखापरीक्षकबाट कम्पनीको सहायक कम्पनीहरु रेमिट हाइड्रो लि. र सिम्बुवा रेमिट हाइड्रो लि. बाट नेपाल लेखामान-19 बमोजिम गर्नुपर्ने कर्मचारी विदा वापतको दायित्वको एक्चुरियल मूल्याङ्कन नभएको र रेमिट हाइड्रो लि. को खातामा बिक्रीको लागि राखिएको सम्पत्तिको नेपाल लेखामान-५ बमोजिम fair value मा मूल्याङ्कन हुनुपर्नेमा लागत मूल्यमा मूल्याङ्कन भएको भनी कैफियत सहितको राय (Qualified Opinion) सहितको प्रतिवेदन पेश भएको छ । यसै गरी कम्पनीबाट नेपाल सरकार, अर्थ मन्त्रालयलाई शेयर लगानी वापत पेश्की रकमको प्रतिफल वापत रु. ५ करोड २६ लाख भुक्तानी गरिएको र श्री ठुला करदाता कार्यालयलाई कर दायित्व नभएको अवस्थामा समेत रु. १ अर्ब भुक्तानी गरिएको विषयमा लेखापरीक्षकबाट ध्यानाकर्षण (Emphasis of Matter) सहितको लेखापरीक्षण राय उल्लेख गरी लेखापरीक्षण प्रतिवेदन पेश भएको छ। लेखापरीक्षकको प्रतिवेदन यसैसाथ संलग्न गरिएको छ :

**बि. एण्ड एस. एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्ट्स

**B. & S. Associates**
Chartered Accountants

**INDEPENDENT AUDITOR'S REPORT**

To the Shareholders of Hydroelectricity Investment and Development Company Limited.

**Report on Consolidated Financial Statements**

**Qualified Opinion**

We have audited the accompanying financial statements of Hydroelectricity Investment and Development Company Limited, (the “Company”), and its subsidiaries (collectively referred to as the “Group”), which comprise consolidated statement of financial position as at Ashadh 31,2078 (15th July, 2021), consolidated statement of profit or loss, consolidated statement of other comprehensive income, consolidated statement of changes in equity and consolidated statement of cash flows for the year then ended and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion and to the best of our information and according to explanations provided to us and based on the consideration of reports of other auditors on separate financial statements and on the other financial information of subsidiaries, except for the effects of the matter described in the *Basis for Qualified Opinion* section of our report, the accompanying consolidated financial statements present fairly, in all material respects, the consolidated financial position of the Group as at Ashadh End 2078 and its consolidated financial performance and its consolidated cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

**Basis for Qualified Opinion**

We draw your attention to the following qualification to the audit opinion of the financial statements of M/s Remit Hydro Limited, a subsidiary of the company issued by an independent firm of chartered accountants vide its report dated 8th October, 2021 reproduced by us as under:

As per NFRS 5 “Non-Current Assets Held for Sale”, any items of assets shall be classified as non-current assets held for sale if the sale is highly probable, within 12 months of classification as held for sale. The assets situated at Babarmahal office having carrying amount Rs. 2,296,309.03 has been classified as “Assets Held for Sale” since FY 2075/76 and the same have not been sold till the year of FY 2077-78. Such assets shall be measured at the lower of carrying amount and fair value less cost to sell however, the assets have been measured at cost without considering the fair value less cost to sell.

The company has not conducted actuarial assessment for the provision for leave encashment made in lieu of employee's entitlement for compensatory leave payments which is not in conformity with the requirements of NAS 19 “Employee Benefits”.

We further draw your attention to the following qualification to the audit opinion of the financial statements of M/s Simbuwa Remit Hydro Limited, a subsidiary of the company issued by an independent firm of chartered accountants vide its report dated 10th October, 2021 reproduced by us as under:

The company has not conducted actuarial assessment for the provision for leave encashment made in lieu of employee's entitlement for compensatory leave payments which is not in conformity with the requirements of NAS 19 “Employee Benefits” which states that other long term employee benefits should be assessed using the actuarial valuation methods.

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the Audit of the consolidated financial statements* section of our report. We are independent of the group in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants' together with the ethical requirements that are relevant to our audit of the consolidated financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the consolidated financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

**Emphasis of Matter**

*Payment to shareholder*

As per section 84 of Company directives, 2072 (First Amendment), no amount shall be paid by company to any shareholder except dividend approved through annual general meeting. However, during the year the company has paid Rs 5.26 crore to Ministry of Finance (one of the shareholders) as compensation to advance received from the shareholder.

*Excess payment of advance tax*

As per section 94 of the Income Tax Act, 2058, a person who has or will have assessable income in any income year from any business or investment has to pay tax in three installments and the person paying installment shall be allowed to deduct the amount of tax paid by way of installment in any year pursuant to this Section for the tax chargeable in that year. The person paying shall be allowed to deduct the amount of tax paid by way of installment in any year pursuant to this Section for the tax chargeable in that year. During the year, the company has paid Rs 100 crore as first installment tax even though the company had no additional tax liability for that installment.

**Other Matters**

We did not audit the financial statements and other financial information of subsidiaries whose financial statements reflects total assets of Rs. 82.25 crore and net assets of Rs. 74.94 crore as at Ashadh 31,2078 (15th July, 2021), net profit of Rs. 0.64 crore and net cash outflow of Rs. 6.34 crore for the year ended on that date, as considered in the consolidated financial statements. These financial statements and other financial information have been audited by other auditors whose report has been furnished to us by the management and our opinion on the financial statements in so far as it relates to the accounts and disclosures included in respect of these subsidiaries are based solely on the report of the other auditors.

**Responsibilities of Management and Those charged with Governance for the Consolidated Financial Statements**

Management is responsible for the preparation and fair presentation of the consolidated financial statements in accordance with NFRS, and for such internal control as management determines is necessary to enable the preparation of consolidated financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the consolidated financial statements, management is responsible for assessing the group's ability to continue as a going concern, disclosing, as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Group's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Consolidated Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the consolidated financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSA's will always detect a material misstatement when it exists.

Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably expect to influence the economic decisions of users taken on the basis of these consolidated financial statements.

As a part of an audit in accordance of NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the consolidated financial statement whether due to fraud or error, design and perform audit procedure responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentation, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the group's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude an appropriateness of management use of going concern basis of accounting and, based in audit evidence obtained, whether a material uncertainty exists related to events or condition that may cast significant doubt on the group's ability to continue as going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the group to cease to continue as going concern.
- Evaluate the overall presentation, structure, and content of consolidated financial statement including the disclosures, and whether the consolidated financial statement represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the group to express an opinion on the consolidated financial statements. We remain solely responsible for our audit opinion.

We communicate with those charges with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matter that may reasonably be though to bear on our independence, and where applicable, related standards.

**Report on Other Legal and Regulatory Requirement**

As per the requirements of section 115 of the Companies Act, 2063, (First Amendment 2074), we further report that:

- We have obtained information and explanations asked for, which, to the best knowledge and belief, were necessary for the purpose of our audit.
- In our opinion the company has kept proper books of accounts as required by law so far, as appears from our examination of those books.
- In our opinion, except for the effects of the matter described in the Emphasis of Matter *(Payment to shareholder)* section of our report, statement of financial position, profit or loss, other comprehensive income, changes in equity and cash flows, have been prepared in accordance with the requirements of the Companies Act, 2063 and are in agreement with the books of account maintained by the company.
- To the best of our information and according to explanation given to us and so far appeared from our examination of the books of account of the company, we have not come across cases where Board of Directors or any employees of the company have acted contrary to the provisions of law relating to the accounts, or committed any misappropriation or caused loss or damage to the company.
- We have not come across any fraudulence in the accounts so far as it appears from our examination of the books of account.

For B. & S. Associates
Chartered Accountants

CA Sristi Koirala
Partner
COP: 909

Place: Kathmandu, Nepal
Date: 2078.07.15
UDIN: 211112CA01135bY19G

B. & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

94-Sahayog Marg, Anamnagar, Kathmandu, Nepal, Mob : +977-9851192609, 98622502[illegible]
Web: www.bsa.com.np, Email: info@bsa.com.np

**शेयरधनीहरुलाई सूचनाः**

आफ्नो शेयर अभौतिकीकरण (DEMAT) नगराउनु भएका शेयरधनीहरुले कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौमा सम्पर्क राखी यथाशीघ्र शेयर अभौतिकीकरण गराउनुहुन कम्पनी अनुरोध गर्दछ ।